# जनकपुरधाम उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम,धनुषा
## प्रदेश नं.२,नेपाल
## बोलपत्र आह्वान सुचना
## प्रकाशित मिति:-२०७७/१२/२५

यस ज.उ.म.न.पा. क्षेत्र भित्र मेलाहाट बजार र दैनिक गुदरी बजारको आ.व. २०७८/०७९ आषाढ मसान्त सम्म को लागि जनकपुरधाम उपमहानगरपालिका आर्थिक ऐन २०७७ को दफा(९) को अनुसुची(८)बमोजिम ठेक्का बन्दोबस्ती लगाउने निर्णय भए अनुसार(स्थायी लेखा नम्बर) प्राप्त ईच्छुक महानुभाबहरू एवं फर्महरू बाट निम्न शर्त/बन्देजहरूको अधिनमा रहि ३०(तिस) दिने बोलपत्र आव्हान गरिएको छ ।

१.) बोलपत्र फारम यस कार्यालय बाट रू. ३०००।०० (तीन हजार) को नगदी रसिद काटी निवेदन सहित मिति २०७८।०१।२३ गते दिनको ५:०० बजे सम्म खरीद गर्न सकिने छ ।

२.) यस मेलाहाट बजारको पटके व्यबसाय कर यस उ.म.न.पा.ले तोकेको दर बमोजिम ठेकेदारले अशुल उपर गर्न पाउने छ ।

३.) ठेक्का कबुल अंकको ५% धरौटी वापत रकम यस कार्यालयको रा.वा.बैंक,जनकपुर को धरौटी खाता नं.१२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै बैंक भौचर र नेपाली नागरिकताको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्ने छ ।

४.) ठेक्का स्वीकृत भएपछि कबुल रकम चार किस्तामा बुझाउनुपर्नेछ जसमध्ये सम्झौता गर्नु अघि एक किस्ता नगदी तथा अन्य तिन किस्ता रकम बराबर को बैंक ग्यारेण्टी वा सोही बराबरको धनजमानी बुझाउनु पर्ने छ ।

५.) नेपाल सरकार लाई बुझाउनु पर्ने सबै किसिमको कर ठेकेदारले नै बुझाउनु पर्ने छ ।

६.) ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र करारनामामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्ने छ ।

७.) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने संम्पुर्ण अधिकार ज.उ.म.न.पा.मा निहित रहने छ ।

८.) केरमेट भएको, सहिछाप नभएको, म्याद नाघि पर्न आएको बोलपत्र स्वीकृत गरिने छैन ।

९.) बोलपत्र फारममा भरेको रकम अक्षर र अंकमा फरक परेमा अक्षर लाई मान्यता दिईने छ ।

१०.) बोलपत्रदाता तथा यस कार्यालय बिच कुनैकिसिमको मतभिन्नता भएमा कार्यालयको निर्णय अन्तिम हुने छ ।

११.) बोलपत्र फारम भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर स्पष्ट रूपमा भरी राम्ररी खामबन्दी गरी शिल लाहाछाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखि मेलाहाट बजारको शिलबन्दी बोलपत्र मिति २०७८।०१।२४ गते दिनको १२:०० बजे सम्म न.पा.कार्यालयमा दर्ता गराईसक्नु पर्ने छ

१२.) बोलपत्र फारम मिति २०७८।०१।२४ गते दिनको २:०० बजे सम्बन्धित प्रतिनिधिहरूको रोहबरमा खोलिने छ, उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

१३.) ठेक्का अबधि सम्झौता करार भएको मिति देखि मिति २०७९ अषाढ मसान्त सम्म को लागि मात्र कायम रहने छ ।

१४.) ठेक्काको न्यूनतम कबोल रकम रू.९२०९४३०(अक्षरेपी बयानब्बे लाख नौ हजार चार सय तिस रूपैया मात्र)कायम गरीएको छ ।

१५.) बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलि पल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।

१६) दैनिकरूपमा लाग्ने रामजानकी हाटबजार तथा नगर क्षेत्रको माछा बजारहरू ठेक्का बापतको कर असुल गर्न पाउनेछ । सडकमा दैनिक रूपले घुम्ती पसल बाहेक मासिक मेला पर्वहरू तथा अन्य उत्सवहरूका दिनमामात्र न.पा. ले तोकेको क्षेत्रमा मात्र सडकपेटी तथा फुटपाथमा बजार लगाउन पाउनेछ ।

१७) वडा नं.२ र ४ मा पर्ने डिहवार स्थानको वरीपरी अस्थायी पसलहरू नहटाए सम्मको लागि मात्र रकम असुल गर्न पाउनेछ ।

१८) मेला पुर्णिमा लगायतका चाडपर्वहरूमा ट्राफिक व्यवस्थापनमा अवरोध नहुने गरी सडक पेटी एवं फुटपाथमा खुल्ने पटके पसलहरू व्यवस्थापन हुने भएकोले देश विदेशका विशिष्ट पदाधिकारीहरूको आवागमनको समयमा सुरक्षाको कारण देखाई फुटपाथ पसलको व्यवस्थापन हुन नसकेको अवस्थामा कुनै किसिमको क्षतिपुर्ति उपलब्ध गराइने छैन ।

प्रमुख प्रशासकिय अधिकृत

# जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम,धनुषा
## प्रदेश नं.२, नेपाल
### बोलपत्र आव्हान को सुचना
### प्रकाशित मितिः-२०७७/१२/२५

यस जनकपुरधाम उपमहानगरपालिका को स्वामित्वमा रही रेखदेख,मर्मत र संभार तथा ठेक्का बन्दोबस्त गरी संरक्षण र सदुपयोग गर्दै आएका तपसिल बमोजिमका पोखरीको पानी मा हुने वाली नगर कार्यपालिकाको निर्णय बमोजिम ठेक्का बन्दोबस्त गर्नुपरेकोहुँदा तपसिल बमोजिमको शर्त एवं बन्देजको अधिनमा रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न १५ दिने यो सूचना प्रकाशित गरिएको छ ।

१. ठेक्का अवधी ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले ५(पांच)वर्षको हुनेछ ।

२. धरौटी बापत रकम यस कार्यालयको रा.वा.बैंक,जनकपुरधाम(भानु चौक शाखा) मा रहेको धरौटी खाता नं.१२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. रित नपुगेको,केरमेट भएको,सहिछाप नभएको र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुनेछैन

४. बोलपत्र मिति २०७८/०१/०८ गते दिन को ५(पाँच) बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी र स्थायी लेखा दर्ता नम्बर (PAN), आ.व.०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत निवेदन साथ राखी खरीद गर्न किनेछ

५. बोलपत्र फारम भर्दा आफुले सकार गरेको रकम अंक तथा अक्षरमा समेत स्पष्ट रुपले उल्लेख गरी बोलपत्र फारम खाम भित्र राम्ररी बन्द गरी सिल लाहाछाप लगाई खाम बाहिर यस कार्यालयको नाम र आफ्नो नाम,ठेगाना र पोखरी को नाम समेत बोलपत्र फारममा स्पष्ट उल्लेख गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

६. बोलपत्र मिति २०७८/०१/०९ गते दिनको १२.०० बजे सम्म दर्ता गरिसक्नुपर्नेछ ।दर्ता हुन आएको बोलपत्रहरु सोही दिन को २.०० बजे यस कार्यालयमा खोलिनेछ ।बोलपत्र खोलिने बखत बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ । उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

७. बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालय मा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्विकृत भएको सुचना पाएपछि सो सुचनामा उल्लेखित म्याद भित्र ठेक्का करारनामा नगरी चलनपुर्जि नलिएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी अर्को बन्दोबस्त गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

९. कबुल अंक बराबरको रकम पांच किस्तामा बुझाउनुपर्नेछ, जसमा पहिलो किस्ता रकम पट्टा उठाउनु पुर्व र अन्य किस्ता रकम बराबर को बैंक ग्यारेण्टी राखी वा पहिलो किस्ता नगदी तथा दोश्रो किस्ता बराबर को बैंक ग्यारेण्टी,अर्को वर्षमा चालु किस्ता नगदी,आउने अघिल्लो वर्षको बैंक ग्यारेण्टी गरी प्रत्येक वर्षको किस्ता प्रतिवर्ष बुझाउनुपर्नेछ वा चार किस्ता बराबरको रकमको दोब्बर मूल्यको धनजमानी बुझाउनुपर्नेछ । मालपोत कार्यालय बाट रोक्का पत्र आएपछि मात्र ठेक्का सम्झौता(करारनामा) हुनेछ र सो म्याद भित्र किस्ता रकम नबुझाएमा कार्यालयले ठेक्का तोडी अर्को व्यवस्था गर्न सक्नेछ।

१०. कार्यालय को करारनामा मा उल्लेखित म्याद अनुसार ठेकेदारले ठेक्का संचालन गर्नुपर्नेछ

११.पोखरी र सो को पानी तथा डिलहरुको संरक्षण सम्झौता अवधी सम्म ठेकेदारले नै गर्नुपर्नेछ ।पोखरी को पानी सार्वजनिक सदुपयोगमा प्रतिकुल असर नपर्ने गरी ठेकेदारले संचय गरी राख्नु पर्नेछ

१२कार्यालय ले समय समय मा दिईने निर्देशन तथा आदेशहरु ठेकेदारले तदारुकता साथ पालन गर्नुपर्नेछ ।

१३. ठेकेदार र कार्यालय बिच कुनै किसिमको मतभिन्नता भएमा कार्यालय को निर्णय मान्य हुनेछ ।

१४. सूचनामा उल्लेखित पोखरीहरुको बोलपत्र फाराम छुट्टाछुट्टै खरीद गरि छुट्टाछुट्टै दर्ता गराउनुपर्नेछ ।

| सि.नं. | पोखरीको नाम | न्यूनतम अंक | कबुल अंक को धरौटी | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १. | नवकी पोखरी वडा नं.२० | रु.१३८१२५०/- | ५% | ३०००/- |
| २. | भैरव स्थान पोखरी, वडा नं.२० | रु. ९४२५००/- | ५% | ३०००/- |
| ३. | सुकलाईन पोखरी, वडा नं.२२ | रु. २४३७५०/- | ५% | १०००/- |
| ४. | टेरबहिया बनखत पोखरी, वडा नं.२२ | रु.१००७५०/- | ५% | १०००/- |
| ५. | चभच्चा पोखरी वडा नं.२२ | रु.२६३२५०/- | ५% | १०००/- |
| ६. | खता ओलार पोखरी,वडा नं.२२ | रु.७४७५५/- | ५% | १०००/- |
| ७. | रोईयाही पोखरी,वडा नं.२२ | रु.९८१२१०/- | ५% | ३०००/- |
| ८. | खता ओलार(नेपाल सरकार)वडा नं.२२ | रु.११३७५०/- | ५% | १०००/- |
| ९. | बेला लवकी, वडा नं.२३ | रु.३१२६५०/- | ५% | १०००/- |
| १०. | मटकोर्वा पोखरी, वडा नं.२३ | रु.२६००००/- | ५% | १०००/- |

प्रमुख प्रशासकिय अधिकृत